# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

प.स. २०८०/०८१
सूचना नं. ८९

मितिः २०८०/०८/०७
"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८०/०८/०६*

यस कार्यालयको मिति २०८०/०४/१५ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार आ.व. २०८०/८१ को वजेट तथा कार्यक्रम अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको सेवा/समूहमा सेवा करार गरी कर्मचारी पदपूर्ती गर्नु पर्ने भएकाले सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको सर्तसिमा भित्र रही रीतपूर्वक दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

| विज्ञापन नं. | पद | सेवा/समूह/तह | माग | न्यूनतम शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|
| १६/२०८०/८१ | रोजगार सहायक | सहायकस्तर पाँचौ | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र कम्प्युटर सम्बन्धी Basic Course उत्तीर्ण भएको । | १५००। |
| १७/२०८०/८१ | प्राविधिक सहायक | सहायकस्तर पाँचौ | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Civil Engineering वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको । | १५००। |

१. सेवाको किसिमः सेवा करार

२. दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरुः
   - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
   - ३ (तिन) प्रति पासपोर्ट साइजको फोटो
   - कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुमति पत्रको प्रतिलिपि ।

३. उमेरको हदः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको ।

४. तलब तथा करार अवधिः गाउँपालिकासंग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम ।

५. परीक्षा दस्तुर बुझाउने प्रकृयाः सानिमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०७१०१००४०००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA) मा जम्मा गरी उक्त भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।

६. दरखास्त फाराम बुझाउने स्थानः दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय प्रशासन शाखा अथवा यस कार्यालयको ईमेल ठेगाना diprungexam2023@gmail.com मार्फत समेत आवश्यक कागजातहरु PDF बनाई मर्ज गरी आवेदन साथ इमेल गर्न सकिनेछ ।

७. परीक्षाको किसिमः लिखित, प्रयोगात्मक र मौखिक।

८. परीक्षा सम्बन्धि जानकारीः पछि प्रकाशन गरिनेछ ।

९. थप जानकारीको लागिः सम्पर्क नं. ९७४६२०९९४३

१०. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

२०८०/८/०६

(पिएस्पी चाम्लिङ राई)
निमित्त कार्यालय प्रमुख